# विउ

(ट्विटर कथा संग्रह)

विनय कसजू



# Seed

Collection of Tweeter Stories in Nepali

# समर्पण

फोस्रा कुरा गर्न धेरै शब्द चाहिन्छ ।
चराले ट्विट गरी सबै कुरा भन्छ ।
गुदी कुरा गर्नु परे ट्विट गरे पुग्छ ।

अधिकतम् १४० क्यारेक्टर अर्थात्
युनिकोडमा देवनागरी लिपिमा झन्डै ५५
अक्षरमा लेखिएका यी ट्विट गर्न मिल्ने कथा
सबै ट्विटरमा समर्पित छ ।





## भूमिका



तिलभन्दा सानो बरको बिउ
मलजल पाए मौलाउँछ ।
हजारौँ प्राणीलाई गासबास दिन्छ ।

बिउ बिउ नै भएर बस्न चाहन्न ।
तैपनि माटो बाहिर निस्कन संकोच मान्छ ।
निस्केपछि फुल्छ फल्छ, सबैलाई आनन्द दिन्छ ।

बिउ कुहे मानिस कुहुन्छ ।
बिउ उम्रे समृद्ध हुन्छ ।
उमार्ने कि कुहाउने तपाईंको मर्जी .....।

विनय कसजू



दलहरूले संविधान नबनाउने निउँ थप्दैछन् ।
नेताहरूले विभाजनको बिउ थप्दैछन् ।
मिडियाले आगोमा घ्यु थप्दैछन् ।



किसानले रोजेका गँड्यौलाहरू
कसरी जुनी फेरेर जुका बने ?
जीवशास्त्री छक्क, राजनीतिशास्त्री मखख ।



आधुनिक लोकतन्त्र,
जिते स्वीकार,
हारे बहिस्कार ।



ऊ प्रभावशाली लेखक हो ।
घोस्ट राइटिङ गर्छ ।
दानवलाई देवता बनाउँछ ।



परीक्षा केन्द्रमा अभिभावकहरूको भीड लागेको छ ।
आफ्ना सन्तानलाई चोर बनाउने प्रतिस्पर्धा गर्दैछन् ।



क्यान्सरले छट्पटाइरहेको बिरामीले पुकार्‍यो,
‘ए, काल किन आउँदैनौ !’
काल आयो र सोध्यो, ‘किन बोलायौ ?’
बिरामीले भन्यो, ‘डाक्टरलाई बोलाउन ।’



गभर्नरको छोरा मेरो बुवाको सही नभई
कसैको कारोवार चल्दैन भन्थ्यो ।
अहिले ऊ आफै अनलाइनमा किनमेल गर्छ ।



हावाले बादलसँग प्रेम गऱ्यो ।
घुमाउन नेपाल लग्यो ।
पहाड चढ्न नसकेर बादल बाटोभरि धुरूधुरू रोयो ।



संसार एउटा विशाल रंगमन्च हो ।
हो, तर भिलेनहरूले हिरोको रोल खेल्दैछन् ।



बिरालो व्रत बसेको छ थाहा पायौ ?
ऊ चुनावमा उम्मेदवार भएको छ !



मिडिया भन्छ :
नेताहरू सुध्रेनन् म त थाकिसकें ।
गाली गरेर थाक्यौ कि पैसा थुपारेर थाक्यौ ?



तराईका ताता सडकमा
टायरगाडा चलाएर रिटायर्ड भएका राँगाहरू
पशुपतिको दर्शन गर्न गएका थिए ।
काठमाडौँमै परमधाम भए ।



जनमत संग्रह भयो ।

अधिकांश नेपालीहरूले

सबैभन्दा धरै चाहने र बहुमूल्य ठान्ने बस्तु

के हो ?

परिणाम आयो : पासपोर्ट र भिसा ।



गँजडी शिवले अमेरिका जाने भिसा पाएन ।
'चिन्ता नगर', शिवा भन्छिन् ,
'अमेरिकाको नागरिकता पाएपछि तिमीलाई बोलाउँछु ।'



युवाहरू विदेश गए पैसा कमाउन ।
आमाबाले थाले सन्तान गुमाउन ।
व्यापारी रमाउन, नेताहरू उडाउन ।



दशैँ मनाउन काठमाडौँ गएका खसीबोका उतै हराए ।
गाउँमा बाख्रीहरू दाह्री हल्लाउँदै
छोरा विदेशमा कमाउन गएको छ भन्दै मख्ख छन् ।



छ महिनाको छोरालाई देखेर
पाँच वर्षपछि घर फर्केको पति तर्स्यो ।
'जाबो एउटा छोरा पाउन नसके
तिमीले पठाएको मोबाइलफोनको के काम ?'



धेरै वर्ष खाडी मुलुकमा कडा मेहनत गऱ्यो ।
घरमा श्रीमतीलाई लाखौँ रूपैयाँ पठायो ।
फर्कँदा न श्रीमती न श्रीसम्पत्ती ।



जुनबेसीकी नानी
जुनमा पुग्ने रहर गर्थी ।
बम्बै पुगिछे ।



गाउँमा पाक्ने सबै परिकार नमिठो लाग्न थालेपछि विकासे कार्यकर्ताले डलर राखेर खोले पकाए ।

'आहा अचम्मकै मिठो !' भन्दै सबैले डकारे ।



आयोडिन नुन खुवाउन गएकी नानीलाई देखेर गलगाँड भएकी महिलाले भनी,

'नानीको पनि सानो गलगाँड भएको भए कति राम्री हुन्थी !'



मुखियाले गाउँमा विकासे राँगो ल्याए ।
भैँसी त के पाडाहरूले पनि ब्याए ।



कुलेखानीमा माछा विकास सम्मेलन भयो ।
विभिन्न जातका माछाका परिकार खाए ।
माछाको निक्कै विकास भएको रिपोर्ट निकाले ।



गुलाफको बेर्ना हुर्काउन मलजल हाले,
काँढे झ्याङको बार लाए ।
काँढे झ्याङ मौलायो ।
गुलाफ कुपोषणले मर्‍यो ।



वातावरण जोगाउ निकायले
देशलाई हरियो बनाउने संकल्प गऱ्यो ।
नेपालको नक्सा छाप्दा
हरियो रंगमा छाप्नु पर्ने अनिवार्य गऱ्यो।



साला लेखक । भेना सम्पादक ।
दिदी, श्रीमती, भान्जाभान्जी, छोराछोरी पाठक ।
पुस्तक विक्रेता र कवाडी पसलेहरू समीक्षक ।
वाह साहित्य !



कविजी के गर्दै छौ ?

पाण्डुलिपि बालेर भात पकाउँदैछु ।



कविको घरमा चोर पस्यो ।

पेटभरि खान पुग्ने पैसा छाडेर फर्क्यो ।



कविसम्मेलन कस्तो भयो ?
खुब जम्यो । किनकि भित्र पस्न निःशुल्क,
बाहिर निस्कन शुल्क ।



कलाकारहरूले किन व्यापारीका सामान बेच्न थाले ?

कला बेच्नुमा भन्दा व्यापारमा धेरै नाफा भएर त होला नि !



पण्डितले सात दिन कृष्णलीला सुनाए ।
पुराण नसकिँदै सात वटीलाई भुँडी बोकाए ।



बा, यो स्याउ खाउँ ?
हुन्न बिरामीलाई हो ।
म कहिले बिरामी हुन्छु बा ?



बा, यो माला लाउँ ?
हुन्न सालिकमा चढाउने हो ।
म कहिले सालिक बन्छु बा ?



मेरो छोरा साह्रै जाती छ ।
मलाई चाँडै बृध्दाश्रम पठाउने भएका छन् ।



छोराले आमाबासँग मोबाइलफोन माग्यो ।
नपाएपछि आफ्नै अपहरण गरायो ।
आमाबालाई लाखौँ तिरायो ।



हिँजो

लाहुरबाट छोराको चिठी आयो ?

धेरै दिन भयो हल्कारा यतातिर नआएको ।

आज

चिठी पायौ ?

अस्तिदेखि मेरो नेट बिग्रेकोले इमेल चलेकै छैन ।



चोरले मासुभात दियो ।
कुकुर चुप लाग्यो ।
चोरले घर फोर्न लाग्यो ।



जाँच्न बसेका थिए मापसे
जाडो भयो भनेर
भट्टीमा पसे ।



आफ्ना श्रीमानलाई कुनै पनि कारवाही नहोस्
भन्ने श्रीमतीहरू मापसे कारवाही देखेर खुशी छन् ।



छोरालाई पहलमान बनाउने बिचार छ ?
बर्डिङ स्कुलमा पढाउ ।
किताब बोक्छ, पहलमान बन्छ ।



बोल्न नजानेसम्म आमाबाले
मलाई बोल्न सिकाउनु भयो ।
अहिले धेरै नबोल् भनेर हप्काउनु हुन्छ, किनहोला?



आमाबाले सानो छँदा
मलाई हिँड्न सिकाउनु भयो ।
अहिले मलाई विदेश नजाउ भन्नु हुन्छ,
किनहोला ?



सरकार थर्काउन सक्ने गुरूहरू
अख्तियारको नाम सुन्ने बित्तिकै
अठार सयले जागिर छाडिसकेछन् ।



विद्यालय व्यवस्थापन समितिको गठनमा विवाद हुँदा दुई जना सहिद, १२ जना घाइते भएछन् । शिक्षा/समाज सेवा गर्न हिरिक्कै गरेछन् ।



राष्ट्रका भविष्यका कर्णाधारहरूले,
जाँचमा चोर्न नपाए,
आन्दोलन गर्ने रे !



विद्यार्थी संगठनका नेताहरू
जाँच नदिई पास हुने नियम बनाउन
विश्वविद्यालयलाई
दवाब दिने रे !



योग्य नागरिक तयार पार्ने जिम्मा लिएका शिक्षकहरू
आफ्नो योग्यता नचाँचियोस् भनेर
आन्दोलन गर्ने रे !



कुकुरले तीन महिने तालिम पूरा गऱ्यो । मालिकले उसको ग्र्याजुएसनको उपलक्ष्यमा भव्य पार्टी दियो ।



सँधै हार्ने खरायोले
कछुवाको दाउ बुझ्यो ।
उसलाई नै स्लिपिङ ट्याब्लेट ख्वाइदियो ।



सिंहले भन्यो,
'मलाई कथाको सिंह जस्तो मुर्ख नठान् ।'
खरायोले सुख्खा इनारमा कुदेर ज्यान जोगायो ।



उज्यालोको शक्ति बुझेको माकुराले
बत्तीमुनि जाल बिछ्यायो ।
आरामसँग जीवन बितायो ।



भुइँमा फल्ने फर्सीको लहरा
थांक्रो माथि चढ्यो ।
फर्सी फल्यो, थांक्रो ढल्यो ।



आधा भरिएको गाग्रीको पानी
तिर्खाएको कौवाले खान सकेन ।
परालको पाइप बनायो र तिर्खा मेट्यो ।



चोर आयो कुकुर भुकेन ।
कुकुरको सट्टा गधा करायो ।
स्याबासीको सट्टा पिटाइ खायो ।



बिरालोको जिम्मा लाएर
माउचरा चारो खोज्न गयो ।
फर्कँदा चल्ला र बिरालो दुबै बेपत्ता !



ट्राक्टर आयो ।
खेत जोत्न, गाडा तान्न परेन
फुर्सत भयो भनेर गोरुहरू घुम्न गए ।
बधशालामा पुगे ।



ताता समोसा खाने तराइका बजारमा
मम पसल खुल्न थालेपछि
राँगा र भैंसीहरूको होश हराएको छ ।



स्याल बाठो थियो ।
कुकुरसँग मित लायो ।
गाउँका कुखुर बिस्तारै हराउन थाले ।



बिचरा बिरालो !
भाग्न खोज्दा बाटो थुनियो ।
वाध्य भएर ज्यान जोगाउन
बाघ बन्यो ।



दिनको एउटा फुल पाउनेलाई
एकै चोटी सबै फुल लिने लोभ लाग्यो ।
कुखुराको पेट चिर्‍यो ।
फुल र कुखुरा दुबै गुम्यो ।



जंगलका सबै जानवर बराबर छन्
कसैले कसैलाई मार्न पाउन्न ।
खरायोको कुरा सुनेर सिंहले भन्यो,
‘तिम्रा पनि दाँत र नङ्गा भएको भए यस्ता कुरा
गर्दैनथ्यौ ।’



स्याललाई खरायोले दौडमा जित्यो ?
किनकि एउटा ज्यान जोगाउन,
अर्को पेट भर्न दौडेको थियो ।



ठोँडमा रोटी च्यापेको कैवालाई
स्यालले गीत गाउन अनुरोध गऱ्यो ।
समझदार कैवाले पंजाले रोटी च्याप्यो ।
कैवाको गीत सुनेर स्याल कुलेलम ठोक्यो ।



दुर्घटनामा पुच्छर गुमाएको बाँदर प्रचार गर्दैछ :
'पुच्छर काट स्वर्ग देखिन्छ ।'



दियोले सूर्यलाई भन्यो,
‘तिमीले दिनमा मात्रै उज्यालो दिन्छौ ।
राती काम लाग्ने मैँ हुँ ।’
सूर्य बेस्सरी हाँस्यो । दियो निभ्यो ।



रूखले बँचरोको बिँडलाई भन्यो,
'मेरै हाँगा भएर मलाई नै काट्ने?'
बिँडले भन्यो, 'मैले रूखको जीवन त्यगिसकेँ ।'



मुसाले बिरालोलाई भन्यो,
'तँभन्दा म बुध्दिमान छु । नपत्याए टम एन्ड जेरी फिल्म हेर् ।'
बिरालोले भन्यो,
'त्यो फिल्म मैले बनाएको भए बल्ल थाहा पाउँथिस् ।'



जंगलमा पशुका बच्चाको सौन्दर्य प्रतियोगितामा बाँदर्नीले आफ्नो बच्चा लगी ।

सबैका बच्चालाई हेरेपछि भनी, ‘सबैभन्दा राम्रो मेरै बच्चा !’



मुसाहरूले बिरालोको सम्मान गरे
घन्टी उपहार दिए ।
घाँटीमा घन्टी बाँधेदेखि बिरालो भोकै रह्यो ।



भालेको डाकमा सासुले बुहारीलाई उठाउँथी ।
निर्धक्क सुत्न बुहारीले भाले मारी ।
समयको अडकल नभएर सासुले मध्यरातमै
उठाउन थाली ।



बुढो रूखमा बस्ने चराहरूले रूख नकाट्न बिन्ती गरे ।

तर मानिस रूख काट्न तम्स्यो ।

हाँगामा अरिंगालको गोलो देखेर रूख नकाटी फर्क्यो ।



आँप फल्न छाडेपछि रूख काट्न थाल्यो ।
टाँडकामा महभरिएको मौरीको घार देख्यो ।
छोराछोरीलाई मह खान डाक्यो ।
आफू रूख जोगाउनतिर लाग्यो ।



जाडोले काँपेको बाँदरहरू देखेर चराहरू टिठाए ।
'यिनीहरूले पनि घर बनाए हुन्थ्यो' सदिच्छा पोखे ।
बाँदरहरूले चराका सबै गुँड भत्काइदिए ।



सर्प राखेको टोकरी चकचके मुसाले प्वाल पार्‍यो ।

सर्प मुक्त भयो ।

पेट पनि भर्‍यो ।



परेवाले शान्तिको रक्षा गर्न सक्तैन भनेर चराहरूले चिललाई शान्तिको चरा बनाए । अशान्ति मच्चाउने चराहरूको घाँटी निमोठ्न चिललाई झन सजिलो भयो ।



गाउँबाट काले कुकुर सहर बसाइ सर्‍यो ।
चलचलन नजानेर नगरपालिकाको भ्यानमा पर्‍यो ।



तीर्थयात्री बस पल्टेर सबै यात्री स्वर्गबास ।
भगवानले बोलाएको भए
घरमै सुतेको बेलामा बोलाए हुन्थ्यो ।
किन तड्पाएर मार्नु पर्थ्यो ?



मानिसहरू आआफ्नै भगवान बनाएर
काटमार गर्दै छन् गोजी भर्दै छन् ।
साँच्चै, मानिसलाई बनाउने भगवान छन् भने,
उनी के हेर्दै छन् ?



जीव वैज्ञानिकले माथि काउली तल मुला
फलाउन दुई जातको वर्णसंकर गर्यो ।
तर तल काउली माथि मुला भयो ।



परोपकारीले श्रमिकहरूका लागि ट्युबवेल बनाइदियो ।

पानी तान्दा धेरै पानी आफ्नै ट्यांकीमा जाने बनायो ।



फार्मका बंगुरहरू गफ गर्दै थिए :

- हाम्रा मालिक कति जाति ! हामी मोटाएनौँ भने पिर मान्छन्

- हामी दुब्लायौँ भने मालिकको ढुकुटी भरिन्न नि !



धेरै मासु खाने बाघको मुख गन्हायो,
तर उसले दाँत माझ्दै माझेन ।
किनकि उसलाई तिम्रो मुख गन्हायो भन्न सक्ने
बहादुर कोही निस्केन ।



अखबारको विक्री घट्न थाल्यो ।
विक्री बढाउन उसले नाम फेर्‌यो ।
नयाँ नाम राख्योः “नुन चुक खुर्सानी” ।



गाउँ नजिक गुफामा बस्थ्यो एउटा रिषी ।
दिनभरि उपदेश दिन्थ्यो साँझ रित्याउँथ्यो सिसी ।



नेपालमा स्वास्थ्य सेवाको अवस्था कस्तो छ ?
पाठेघरभित्र कैँची र कपडा ओखलढुँगाको जस्तो छ ।



बजारमा नयाँ मिठाइ पसल खुल्यो ।
अस्पताल, औषधी पसल मात्रै होइन
डाक्टरहरू पनि खुशी भए ।



चाउचाउ र चिजबलको बिक्री अप्रत्यशित रूपले बढ्यो ।

डाक्टर पनि दंग, अस्पताल र क्लिनिक पनि दंग ।



फास्टफुड र मिठाइ पसलेहरूले
सहरभिर अस्पताल र क्लिनिक खोल्दैछन् ।
डाक्टर, अस्पताल र क्लिनिकहरूले
फास्टफुड र मिठाइ पसल खोल्दैछन् ।



दिनेको केही नजाने,
पाउनेले केही नपाउने :
शुभकामना !



खुलेर कमाउँदासम्म
ऊ खुशी थियो ।
लुकेर कमाउन थालेदेखि
ऊ दुखी भयो ।



फेस बुक अर्थात्
आफ्नो रूप हेरी हेरी
आफै हुन्छु दंग ।



ओहो नेता !
मन काला
दाँत सेता !



हरेक शब्दमा बिष घोली,
बोल्दा पड्कन्छ गोली,
महान नेताको बोली ।



लोकतन्त्र आयो, चुनाव भयो ।
नेताले जित्यो, जनता हार्‍यो ।



कुकुर बिराला दिनदिनै लड्थे ।
एउटाले हाड अर्कोले मुसा पायो ।
अहिले घरमा शान्ति छ ।



डाक्टरहरूले संयुक्त सरकारको मधुमास
सफल भएको घोषणा गरे ।
नौ महिनामा जन्मनु पर्ने संविधान
वर्ष दिनमा पनि जन्मेन ।



आन्दोलनसँग बिहे गर्यो ।
क्रान्ति जन्म्यो ।
संविधान तुहियो ।



जनताले नेतालाई भोट दिए ।
नेताले जनतालाई नोट दिए ।
पसलेले नचल्ने नोट फिर्ता दिए ।



मतिहीन नेताहरूले
बीरबलको खिचडी पकाउने
सहमति गरेका छन् ।



छोरा बेकम्मा भयो भनेर बाबु दुःखी थियो ।
राजनीतिमा लाग्यो ।
मन्त्री बन्यो, बाबु खुशी छ ।



बुध्द र गान्धीको पछि लाग्छु,
जनताको सेवा गर्छु भन्ने नेताहरू
अहिले गुन्डा, डन, तस्कर र हुल्याहाको पछि
लाग्दैछन् ।
उनीहरूकै सेवा गर्दैछन् ।



कल्पवृक्ष उमार्छु भन्ने नेताहरूलाई
जनताले विश्वास गरे, धोका पाए ।
अहिले विषवृक्षमा पो मलजल हाल्दैछन् ।



स्वर्गबासी नेताहरू चिन्तित छन्
पृथ्वीबासी नेताहरूले हाम्रो बाटो छाड्दै छन् ।
हाम्रो नामको साइनबोर्ड राखी गोजी भर्दै छन् ।



म समाजसेवामा लाग्छु ।

किन ?

चुनाव हार्‍यौ र ?



बाघको जिउमाथि खरायो उफ्रन थाल्यो ।
चिलले चराको चल्लालाई आकाशमा डुलाउन थाल्यो ।
बिरालो मुसासँग खेल्न थाल्यो ।
सबैले बुझे अब चुनाव आयो ।



आगामी निर्वाचनमा भोट माग्ने आधार
– म फलानो जात, धर्म, भाषा, क्षेत्रको हुँ ।
नयाँ नेपाल बनाउन पुरानो नेपाल भत्काउँछु ।



नेता र व्यापारी भन्छन् :
मिडियाले हामीलाई खेलाएर हैरानपार्‍यो ।
आफै मिडिया खेलाउँछौ, उल्टो कुरा किन गर्छौ ?



सिद्रा खान पाइन भनेर
मुसाले राजिनामा दिने धम्की दियो ।
विचरा गणेश लड्डु खान छाडेर सिद्रा खान थाल्यो
।



नेतालाई फूल मन पर्‍यो,
कार्यकर्तालाई फुल ।
नयाँ फर्मान जारी भयो
फूललाई लेख्नु फुल ।



जंक फुड लोकप्रिय भयो व्यापारी खुशी ।
जंक समाचारमा आकर्षण बढ्यो मिडिया मालिक खुशी ।
जंक राजनीति मौलायो नेताहरू खुशी ।



सबै भालेलाई जितेर जख्खु भाले धुरीमा चढेर छाती फर्काएर 'मै हुँ भाले...' भन्दै थियो । दक्षिणबाट आएको चिलले झम्टेर लग्यो ।



कौरवले पाण्डवलाई पाँच गाउँ पनि दिन मानेन ।
महाभारत युद्ध भयो ।
कौरवको विनाशै भयो,
पाण्डवले पनि सुख पाएनन् ।



बाबुको नाम टंकप्रसाद ।
छोराको नाम आतंकप्रसाद ।
नाति एम्बुसप्रसाद ।
पनाति एम्बुलेन्सप्रसाद ।



नाग सर्पै हो दवता भने पनि ।
उसमा विष हुन्छ हुन्छ ।
नेता मानिसै हो चुलीमा पुगे पनि ।
उसमा इख हुन्छ हुन्छ ।



पानी र पैसा दुबै बग्छ ।

पानीले आफ्नो सतह आफै मिलाउँछ ।

पैसाले किन मिलाउँदैन ?



लक्ष मानिसको हुन्छ, बाटोको हुँदैन ।
हिँड्ने मानिस हो, बाटो हिँड्दैन ।
लक्ष भए पनि नहिँड्ने मानिस कहीँ पुग्दैन ।

